# कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।१२।१२ गते

**प्रस्तावना :**

कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिक, व्यावसायिक एवम् प्रतिस्पर्धी बनाई खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति दिन, युवा जनशक्तिलाई व्यावसायिक कृषितर्फ आकर्षित गरी स्वरोजगारीको अवसर सिर्जना गर्न तथा गरिबी न्यूनीकरणमा सहयोग पुर्याउन यान्त्रिकीकरण तथा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरणको लागि प्रदान गरिने अनुदानलाई सरल, पारदर्शी एवं प्रभावकारी तुल्याउन वाञ्छनीय भएकोले,

सूर्योदय नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४ को दफा ३६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद १

## सङ्क्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम “कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि २०८०” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकालाई जनाउँछ।

(ख) “कार्यालय” भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ग) "शाखा" भन्नाले सूर्योदय नगरपालिकाको कृषि सेवा शाखा र पशु सेवा शाखालाई सम्झनु पर्दछ।

(घ) "वडा" भन्नाले सूर्योदय नगरपालिका अन्तर्गतका वडा कार्यालयहरूलाई सम्झनु पर्दछ।

(ङ) "अनुदान" भन्नाले सूर्योदय नगरपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण वा कृषिको आधुनिकीकरण र व्यावसायीकरणका लागि लाभग्राहीलाई प्रदान गरिने औजार, यन्त्र, उपकरण एवम् मेसिनरीहरूलाई सम्झनु पर्दछ।

(च) "अनुदानग्राही” भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि उद्यमी/कृषक समूह/कृषि सहकारी/टोल विकास संस्था/ कृषि व्यवसायसँग सम्बन्धित समिति तथा कृषि व्यवसायी सम्झनु पर्दछ।

(छ) "कृषि मेसिनरी औजार उपकरण" भन्नाले अनुसूची-१ मा उल्लेख गरिए बमोजिमका औजार, यन्त्र, उपकरण एवं मेसिनरीहरूलाई सम्झनु पर्दछ।

**३. कार्यक्रमको उद्देश्य:** (१) कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहनेछ।

(क) कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिक, व्यावसायिक एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउने,

(ख) कृषि तथा पशु पन्छी एवं मत्स्यजन्य उत्पादनमा नगरलाई आत्मनिर्भर तुल्याइ निर्यात प्रवर्द्धन गर्ने,

(ग) उत्पादकत्व वृद्धि गर्न तथा उत्पादन लागत घटाउन सहयोग पुऱ्याउने,

(घ) कृषकको श्रम र समयको बचत गर्नु ।

(ङ) आधुनिक प्रविधिको प्रयोग तर्फ कृषकहरूलाई आकर्षित गर्ने ,

(च) युवा जनशक्तिलाई कृषिमा आकर्षित गरी स्वरोजगारको अवसर  सिर्जना गर्ने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन सम्बन्धी प्रक्रिया

४. **कार्यक्रम कार्यान्वयनका क्षेत्रहरू:** (१)  सूर्योदय नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सूर्योदय नगरपालिकाका सबै वडाहरू वा नगर कार्यपालिकाले तोके बमोजिमका वडाहरूमा अनुसूची-१ मा तोकिए बमोजिमका मेसिनरी औजार तथा उपकरण लागत साझेदारीमा वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

५. **सूचना प्रकाशन/प्रस्ताव आह्वान गर्ने:** (१)  स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि नगर कार्यपालिकाको कार्यालयको सम्बन्धित शाखाले अधिकतम ३० दिनको म्याद दिइ अनुसूची-२ बमोजिमको ढाँचा अनुसार सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१)  बमोजिम प्रकाशन भएको सूचनाको म्यादभित्र कार्यक्रममा सहभागी हुन इच्छुक लाभग्राहीले अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन सहित अनुसूची-४ बमोजिमको विवरण समेत समावेश गरी सम्बन्धित वडा कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ ।

६. **प्रस्तावको मूल्याङ्कन एवम् सम्झौता :** (१)  दफा ५ को उपदफा (२) बमोजिम पेश हुन आएका निवेदन/प्रस्तावहरू उपर वडा समितिले अनुसूची-५ मा तोकिएका सूचकहरूका आधारमा मूल्याङ्कन गरी आवश्यक सङ्ख्यामा लाभग्राही छनौट गरी सरोकारवाला सबैको जानकारीका लागि लाभग्राहीको विवरण वडा कार्यालयको सूचना पाटी वा विद्युतीय माध्यमबाट सार्वजनिक समेत गरी लाभग्राहीको विवरण सम्बन्धित शाखालाई सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम वडा कार्यालयबाट छनौट भइ आएका लाभग्राहीहरूसँग सम्बन्धित शाखाले अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

७. **लागत साझेदारी सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम लागत साझेदारीमा कृषि सम्बन्धी मेसिनरी औजार तथा उपकरण वितरण कार्यक्रम सञ्चालन गर्दा स्वीकृत वार्षिक कार्यक्रममा लागत साझेदारीको प्रतिशत तोकिएको हकमा सोही बमोजिम र नतोकिएकोमा लागत साझेदारीको प्रतिशत नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) दफा ६ बमोजिम छनौट भएका लाभग्राहीहरूले तोकिएको साझेदारी बापतको रकम कार्यालयले तोकेको बैङ्क खातामा दाखिला गरी सो को  सक्कल भौचर शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिम वा नगर कार्यपालिकाले निर्णय गरे बमोजिमको लागत साझेदारी हुने गरी नगरपालिकाले कृषि समूह/ सहकारी/ टोल विकास संस्था/ फर्म/ उद्योगहरू र लाभग्राही कृषकहरूको साझेदारीमा कृषि सम्बन्धी मेसिनरी औजार तथा उपकरण वितरण कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम कार्यक्रम सञ्चालन गर्दा प्रस्ताव पेश गर्ने कृषि समूह/ सहकारी/टोल विकास संस्था/ फर्म/ उद्योगले सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी कार्यविधिको अनुसूची-५ मा तोकिएका सूचकहरूका आधारमा लाभग्राही छनौट गरी सरोकारवाला सबैको जानकारीका लागि लाभग्राहीको विवरण वडा कार्यालयको सूचना पाटी वा विद्युतीय माध्यमबाट सार्वजनिक समेत गरी लाभग्राहीको विवरण सम्बन्धित शाखामा पेश गर्नु पर्नेछ।

८. **अनुदान सम्बन्धी अन्य व्यवस्था:** (१) यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीलाई एक आर्थिक वर्षमा एउटा कामको लागि मात्र अनुदान उपलब्ध गराइने छ।

(२) एक पटक सङ्घीय सरकार, प्रदेश सरकार, नगरपालिका वा आयोजनाबाट अनुदान लिएको अनुदानग्राही वा उसको एकाघरको परिवारलाई तीन वर्षसम्म सोही प्रकृतिको अनुदान उपलब्ध गराइने छैन।

९. **दोहोरो सुविधा लिन नपाउने :** (१) एकै प्रकृतिको कामको लागि लाभग्राहीले एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको पाइएमा वा अनुदानको दोहोरोपना भएको पाइएमा त्यसरी अनुदान लिने लाभग्राहीलाइ ५ वर्षसम्म नगरबाट प्रवाह हुने कुनै पनि किसिमका अनुदानका कार्यक्रममा समावेश गरिने छैन।

## परिच्छेद-३

## अनुगमन, सुपरिवेक्षण तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

१०. **अनुगमन तथा सुपरिवेक्षण समिति :** (१) यस कार्यविधि बमोजिम लागत साझेदारीमा कृषि सम्बन्धी मेसिनरी औजार तथा उपकरण वितरण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणका लागि देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| (क) नगर उप-प्रमुख | - संयोजक |
| (ख) संयोजकले तोकेको सम्बन्धित विषय क्षेत्रको प्रतिनिधि | - सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (घ) पशु सेवा शाखा प्रमुख | - सदस्य |
| (ङ) योजना शाखा प्रमुख | - सदस्य |
| (च) कृषि सेवा शाखा प्रमुख | - सदस्य सचिव |

११. **अनुगमन तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :** (१) दफा १० बमोजिम गठन भएको अनुगमन तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रमको स्थलगत अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन दिने,

(ख) कृषकलाई आवश्यकतानुसार राय, सल्लाह, सुझाव र परामर्श प्रदान गर्ने,

(ग) कार्यक्रमलाई थप प्रभावकारी तुल्याउनका लागि आवश्यकतानुसार नगर कार्यपालिकालाई सुझाव दिने,

(घ) अनुदानको दोहोरो पना भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने र दोहोरो पना भएको पाइएमा लाभग्राहीको सूचीबाट हटाउनका लागि सिफारिस गर्ने।

(ङ) लाभग्राहीले अनुदानमा प्राप्त सामग्रीको प्रयोग गरे नगरेको सम्बन्धमा अनुगमन गरी उद्देश्य बमोजिम प्रयोग नगरेको पाइएमा सो सामग्री जफत गर्न वा सो बराबरको रकम असुल उपर गर्नका लागि सिफारिस गर्ने।

## परिच्छेद-४

## विविध

**१२. निर्देशन दिन सक्ने**: कार्यक्रमको सम्बन्धमा नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

**१३. बचाऊ :** यस कार्यविधिमा व्यवस्था भएका प्रावधानको हकमा यसै कार्यविधि बमोजिम र व्यवस्था नभएको प्रावधानको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**१४. बाधा अड्काउ फुकाउ**: यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा सो को निरूपण नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

**१५. संशोधन तथा खारेज :**कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

## अनुसूची-१
### (दफा २ को खण्ड (छ) सँग सम्बन्धित)
### "कृषि मेसिनरी औजार उपकरण"

१. मिनी टिलर
२. प्लास्टिक टनेल
३. मल्चिङ्ग प्लास्टिक
४. चिया टिप्ने हाते मेसिन
५. थोपा सिँचाई सेट
६. स्प्रेयर
७. हजारी
८. सिकेचर/करौती
९. मोटर सहितको च्याफ कटर
१०. काउ म्याट
११. मिल्किंग मेसिन
१२. मिल्क एनालाइजर
१३. मिल्किंग काटा
१४. अटोमेटिक मिल्क डाटा प्रोसेसिंग युनिट
१५. मिल्क क्यान
१६. रेफ्रिजेरेटर

**अनुसूची-२**

**(दफा ५ को (१) सँग सम्बन्धित)**

**सूचना !!!**

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि/पशु सेवा शाखाको आ.व......... को वार्षिक स्वीकृत कार्यक्रमहरू ५० प्रतिशत लागत साझेदारीमा सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक कृषक/ कृषक समूह /फर्म/ कृषि सहकारी/ टोल विकास संस्थाहरूले तपसिल बमोजिमको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित वडा कार्यालयमा अनुसूची-३ अनुसार को ढाँचामा निवेदन र अनुसूची-४ अनुसारको आवश्यक विवरण पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रीत नपुगेको र म्याद नाघेको निवेदन स्वीकृत गरिने छैन ।

**तपसिल:**

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमको लागि स्वीकृत रकम | प्रस्ताव साथ संलग्न हुनुपर्ने कागजातहरू |
|---|---|---|---|
| १. | | | • रु. १० को टिकट टाँस भएको निवेदन।<br>• कृषक समूह/ फर्म/ सहकारीहरूको हकमा दर्ता नवीकरण, लेखा परीक्षण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।<br>• नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।<br>• स्थायी लेखा नम्बरको प्रतिलिपि।<br>• चालू आ.व. को तिरो तिरेको रसिदको प्रतिलिपि।<br>• समूह/सहकारी को हकमा निर्णयको प्रतिलिपि |

**अनुसूची-३**
**(दफा ५ को (२) सँग सम्बन्धित)**
**निवेदनको ढाँचा**

रु. १० को टिकट

मिति :

श्री सूर्योदय नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कृषि/पशु सेवा शाखा, फिक्कल, इलाम ।

**विषय : .........................कार्यक्रममा सहभागी हुन पाउँ ।**

उपरोक्त सम्बन्धमा त्यस शाखाको मिति .................................मा प्रकाशित सूचना अनुसार म/ हामी / हाम्रो समूह सहकारी फर्म/ टोल विकास संस्थाले सो कार्यक्रममा सहभागी हुन इच्छुक भएको हुनाले अनुसूची-४ बमोजिमको विवरण तथा तपसिल बमोजिमको कागजात सहित कार्यक्रममा सहभागी हुन यो निवेदन पेश गरेको छु/छौं ।

तपसिल:

**निवेदक**
नाम:
ठेगाना:
नागरिकता नम्बर:
सम्पर्क नम्बर:
दस्तखत:
छाप:

## अनुसूची-४
### (दफा ५  को (२) सँग सम्बन्धित)
### विवरण

१. कृषि उत्पादन क्षेत्रको विवरण (रोपनी):- (क) तरकारी ......  (ख) चिया......   (ग) फलफूल ........ (घ) अलैँची...... (ङ) अदुवा............. (च) अन्य केही भए...................    (छ) जम्मा....................

२. खेती योग्य जग्गाको  क्षेत्रफल (रोपनी):-............पशु सङ्ख्या:- (क) गाई......... (ख) भैँसी........ (ग) बाख्रा ..... (घ) बंगुर.......... (ङ) ..........अन्य केही भए

३. दैनिक दुग्ध उत्पादन लिटर.............

४. गोठको किसिम ......................

५. अन्य केही भए:...........................

**अनुसूची-५**

**(दफा ६  को (१) सँग सम्बन्धित)**

**कार्यक्रमको  मूल्याङ्कन मापदण्ड/छनौटका आधारहरू**

| क्र.सं. | सूचकाङ्क आधार |
|---|---|
| १. | पशु सङ्ख्या (अधिकतमलाई प्राथमिकता) |
| २. | हाल खेती गरिएको क्षेत्रफल (अधिकतमलाई प्राथमिकता) |
| ३. | प्राङ्गारिक उन्मुख खेती गर्ने गरेको |
| ४. | बाली/वस्तुको क्षेत्रफल/सङ्ख्या विस्तारको सम्भावना |
| ५. | सम्भावित लाभान्वित वर्गको सङ्ख्या |
| ६. | वैदेशिक रोजगारबाट फर्केको |
| ७. | एकल महिला/दलित/ लोपोन्मुख समुदाय |
| ८. | पशुपालन व्यवसायबाट जीविकोपार्जन गर्ने गरेको |
| ९. | सामूहिक प्रयोग |
| १०. | बेमौसमी तरकारी उत्पादन क्षेत्र |
| ११. | चालू आर्थिक वर्षमा सञ्चालित अनुदानका कुनै पनि कार्यक्रममा समावेश नभएको र विगत तीन वर्षमा सोही प्रकृतिको अनुदानका कार्यक्रममा समावेश नभएको |

**अनुसूची-६**
**(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)**
**सम्झौता पत्र**

मितिः

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि/पशु सेवा शाखा, फिक्कल, इलाम (यस पछि प्रथम पक्ष भनिने) र सूर्योदय नगरपालिका वडा नम्बर ........................बस्ने कृषक श्री .......................................... (यस पछि दोस्रो पक्ष भनिने) बीच ५० प्रतिशत लागत साझेदारीमा .............................. कार्यक्रम सञ्चालन गर्न निम्न अनुसार शर्तनामाहरू पालना गर्ने गरी यो दुई पक्षीय सम्झौता गरी दियौ/लियौ।

१. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ।
२. यस कार्यक्रम अन्तर्गत खरिद गरिने उपकरण तथा सामग्रीहरू नेपाल सरकार/सूर्योदय नगरपालिकाको खरिद ऐन नियमावली अनुसार कार्यालयले खरिद गर्नेछ।
३. दोस्रो पक्षले मेसिनरी, औजार तथा उपकरण खरिदको ५० प्रतिशतले हुन आउने साझेदारी बापतको रकम कार्यालयले तोकेको खातामा दाखिला गरि सक्कल भौचर शाखालाई उपलब्ध गराउनु पर्ने छ।
४. दोस्रो पक्षले शाखाबाट बुझेर लागेको मेसिनरी, औजार, उपकरण तथा सामाग्रीहरू कम्तीमा पाँच वर्ष वा तोकिए बमोजिम सञ्चालन गर्नु पर्नेछ।
५. दोस्रो पक्षले शाखाबाट बुझेर लागेको मेसिनरी, औजार, उपकरण तथा सामाग्रीहरू बिक्री वितरण वा दान गर्ने पाउने छैन।
६. दोस्रो पक्षले शाखाबाट बुझेर लागेको मेसिनरी, औजार, उपकरण तथा सामाग्रीहरू बुझेको मिति देखि ३० दिन भित्र सञ्चालन/प्रयोगमा ल्याइ सक्नु पर्नेछ ।
७. दोस्रो पक्षले बुझेर लागेको मेसिनरी, औजार, उपकरण तथा सामाग्रीहरू सञ्चालन/प्रयोग नगरी हिनामिना भएको देखिएमा वा प्रयोग नगरी थन्काएर राखेको पाइएमा जुनसुकै बखत कार्यालयले सो सामग्री जफत गर्न सक्ने छ र सो बापत कुनै किसिमको सहुलियत दोस्रो पक्षलाई उपलब्ध गराइने छैन।
८. यो कार्यक्रम सञ्चालन सम्बन्धी कुनै विवाद आएमा सूर्योदय नगरपालिकाको निर्णय नै अन्तिम मानिनेछ।
९. यो सम्झौता उल्लेख भएका कुराहरूमा यस बमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

**प्रथम पक्षको तर्फबाट**

हस्ताक्षर
नामः
पदः
नागरिकता नम्बर:

**<u>रोहवर</u>**

हस्ताक्षर
नाम
ठेगाना

**दोस्रो पक्षको तर्फबाट**

हस्ताक्षर
नाम :
पद :

**<u>रोहवर</u>**

हस्ताक्षर
नाम
ठेगाना